# आदिवासी जनजाति: बाह्रगाउँले





## सुविधा वञ्चित समूह

**संस्थाः** बाह्रगाउँले सेवा समाज, केन्द्रिय कार्यालय, काठमाडौं

बाह्रगाउँले जाति आफ्नो समुदायलाई "वार गुङ" भन्दछन् । बाह्रगाउँले जातिको बसोबास पश्चिम उत्तर नेपालको मुस्ताङ जिल्लाको विभिन्न गाउँपालिकाहरु खिङ्गा, वारागुङ, कागबेनी, झारकोट, पुराङ, छिङ्गर, झोङ, पुटाक, तिरी, पाकलिङ, फलेक र दागार्जुङ हरुमा बस्दै आइरहेको पाइन्छ ।

यिनीहरुको मुख्य पेशा खेतिपाती, पशुपालन र ब्यापार नै हो । यिनीहरु अन्य हिमाली भेगका जातिहरु झै बौद्ध धर्ममा आस्था राख्दछन् ।यिनीहरुको लामागुरुहरु पूजापाठ तिब्बेतीयन भाषामा नै गर्दछन्। पुजापाठ बाहेक विभिन्न गीतहरु "धजाङ लु", "ढेगर", "याङसु", "यार्तुङगुलु", "ढल्लु" विशेष छन् । यिनीहरुको पनि गाउँमा सामाजिक न्याय र शान्ति कायम गर्न परम्परागत मुखिया प्रथा रहेको छ । प्रत्येक वर्ष नयाँ मुखिया चयन गर्ने र पुरानालाई विदाई गर्ने परम्परागत प्रचलन रहेको छ ।